# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(...................................... शाखा)

प्रशासन

पत्र संख्या :- ०७७/०७८

रामशाहपथ, काठमाडौं

चलानी नं. :- १५६२

मिति :- २०७७।१२।०२

बिषयः- कसुरजन्य कार्यको आरोप लागेका बालबालिकालाई नियन्त्रणमा लिंदा अपनाउनुपर्ने प्रकृया सम्बन्धमा ।

श्री उच्च सरकारी वकील कार्यालय, सबै ।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।

कसुरजन्य कार्यको आरोप लागेका बालबालिकालाई नियन्त्रणमा लिँदा अपनाउनुपर्ने प्रकृयाका सम्बन्धमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २१ ले गरेको कानुनी व्यवस्था बारे त्यस कार्यालयलाई अवगत नै छ ।

यसै सम्बन्धमा लक्ष्मी (नानी) थापा विरुद्ध रुकुम जिल्ला अदालत, रुकुम पश्चिम समेत भएको बन्दीप्रतक्ष्यीकरण समेत (रिट नं. ०७६-WH-०३८०) मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७७।०३।२१ मा "अब उप्रान्त कसुरजन्य कार्यको आरोप लगाई नियन्त्रणमा लिइएका बालबालिकालाई अनुसन्धानको लागि निगरानी कक्षमा राख्न अदालतको अनुमति माग गर्दा अनिवार्य रुपमा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २१(७) बमोजिम एक पटकमा पाँच दिनमा नबढ्ने गरी बढीमा एक्काईस दिन सम्मको मा म्याद थपको माग गर्न, निजहरुको तत्काल बयान गराउन र सोही कसुरमा अन्य उमेर पुगेका व्यक्ति भए निजहरुको छुट्टै मिसिल खडा गर्न आवश्यक व्यवस्था मिलाउन भनी सबै जिल्ला सरकारी वकील कार्यालय तथा प्रहरी कार्यालयहरुलाई सूचित गर्न महान्यायाधिवक्ताको कार्यालयलाई ... जानकारी दिनु" भन्ने निर्देशनात्मक आदेश भएको छ ।

अतः तहाँ कार्यालय अन्तर्गतको समन्वय समितिमा छलफल समेत गरी सम्मानित सर्वोच्च अदालतबाट भएको उक्त निर्देशनात्मक आदेशको कार्यान्वयन गर्न गराउनका लागि अनुरोध छ ।

पुनश्चः सम्मानित सर्वोच्च अदालतबाट भएको उक्त आदेशको पूर्ण पाठ यस कार्यालयको वेभसाइट www.ag.gov.np मा अपलोड गरिएको व्यहोरा समेत अनुरोध छ ।

बोधार्थ तथा कार्यार्थः

**श्री प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौः** सम्मानित सर्वोच्च अदालतबाट भएको उक्त आदेशको पूर्ण पाठ प्रतिलिपि यसैसाथ संलग्न छ । माथि उल्लिखित निर्देशनात्मक आदेशको कार्यान्वयन गर्न गराउनका लागि सम्बन्धित प्रहरी कार्यालयहरुलाई निर्देशन जारी गरिदिनका लागि अनुरोध छ ।

बोधार्थः

**श्री सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालय, बबरमहल काठमाडौः** जानकारीका लागि ।

२०७७।१२।०२

.......................

लोकराज पराजुली

सहन्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@attorneygeneral.gov.np, वेबसाइटः www.attorneygeneral.gov.np

C:\Users\OAG-IT-ADMIN\Google Drive\प्रशासन शाखा आ.व. २०७७।०७८\पत्रहरु\फैसला कार्यान्वयन सम्बन्धी परिपत्र.docx